www.moga.gov.np

# शासकीय सुधार सम्वन्धी नीति कार्यान्वन सम्वन्धी अनुगमन , अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन

# २०६८

सामान्य प्रशासन मन्त्रालय

स्थान महोत्तरी , धनुषा र सर्लाही
मिति २०६८।६।८र ९


प्रस्तुतकर्ता
उप सचिव विश्व प्रकाश अर्याल
शाखा अधिकृत मोहनराज जोशी
शाखा अधिकृत दिपक रेग्मी

## कार्यक्रमको पृष्ठभूमि

नेपाल सरकारबाट लागू भएको शासकीय सुधार सम्बन्धी नीतिको कार्यान्वयन र यसको प्रभावकारिताको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रुपमा अनुगमन हुँदै आएको छ । यस क्रममा चालु आर्थिक वर्षमा यसका लागि कार्यक्रम स्वीकृत भई बजेट विनियोजन भएकाले उक्त कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा महोत्तरी,धनुषा तथा सर्लाही जिल्लाका स्थानीय स्तरका सरकारी कार्यालयहरुबाट शासकीय सुधार कार्यान्वयन गर्ने सम्बन्धमा भए गरेका कृयाकलापहरुको प्रत्यक्ष अवलोकन अन्तरक्रिया गर्नुका साथै सार्वजनिक सेवा प्रवाहमा संलग्न निकाय एवं कर्मचारीहरुले सेवा प्रवाह गर्दा भोग्नु परेका व्यावहारिक कठिनाई र नीतिगत समस्याहरुको पहिचान गरी सुधारका क्षेत्रहरु पहिल्याउने अपेक्षाका साथ सुरु गरिएको यस कार्यक्रमका उद्देश्यहरु निम्नानुसार रहेका थिए :–

- स्थानीय स्तरमा सार्वजनिक सेवा प्रवाहको स्थिति अवलोकन गर्नु,
- सेवा प्रदायक कर्मचारीको कार्यवातावरण र निजहरुले अनुभुत गरेका कठिनाईहरुको पहिचान गर्नु,
- सेवा प्रवाहलाई छिटो छरितो, गुणस्तरीय र सर्वसाधारण नागरिकको अपेक्षा अनुरुप प्रदान गराउन लिनु पर्ने नीतिगत पहलको लागि सुझाव संकलन गर्नु,
- शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयन तथा त्यसको प्रभावकारिता सम्बन्धमा अनुगमन र अवस्थाको अध्ययन गर्नु ।
- निजामती सेवा ऐन तथा नियमावली कार्यान्वयनका सिलसिलामा देखा परेका समस्याको संकलन गरी सो को सम्बोधनको लागि लिनुपर्ने नीतिगत पहलको लागि सुझाव दिनु ।

## कार्यक्रममा संलग्न पदाधिकारीहरु

कार्यक्रममा अनुगमन टोलीको नेतृत्व सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री विश्व प्रकाश अर्यालले गर्नु भएको थियो । उक्त अनुगमन टोलीमा सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृतहरु श्री मोहनराज जोशी र श्री दिपक रेग्मी क.अ. श्री सन्तोष सापकोटा,खरिदार श्री जितेन्द्र शाक्य, र कार्यालय सहयोगी लगायतका अन्य कर्मचारीहरुको संलग्नता रहेको थियो ।

सामान्य प्रशासन मन्त्रालय

**कार्यक्रमको विधि र सञ्चालन**

यस अनुगमन कार्यक्रममा निम्न अनुसारका विधि अपनाईएको थियो

१) स्थलगत अवलोकन २) अन्तरकृया ३) प्रश्नोत्तर ।

स्थलगत अवलोकन कार्यक्रम अन्तर्गत जिल्लाका सरकारी कार्यालयहरुमध्ये जनतासँग प्रत्यक्ष सरोकार राख्ने जिल्लास्थित सरकारी कार्यालयहरुको अवलोकन गरिएको थियो । अवलोकन गर्दा मुख्यतः सेवाग्राही जनताहरुको चाप, कार्यालय विन्यास, कार्यालय भित्रको कार्यवातावरणको स्थिति, भौतिक स्रोतसाधनको अवस्था र उपयोग, कार्यालयका कर्मचारी विचको सम्वन्ध,सेवाग्राहीप्रति कर्मचारीको व्यवहार आदि विषयमा अवलोकन गरी सेवा प्रदायक कर्मचारी र कार्यालय प्रमुखबाट विभिन्न विषयमा प्रश्नावलीको माध्यमबाट समेत जानकारी लिईएको थियो । त्यसैगरी अन्तरकृया कार्यक्रम अन्तर्गत महोत्तरी,धनुषा र सर्लाही जिल्लाका उपलब्ध सवै सरकारी कार्यालयहरुका कार्यालय प्रमुखहरु,जिल्लास्थित ट्रेड यूनियनका प्रतिनिधिहरु र अन्य कर्मचारीहरुको उपस्थितिमा एक अन्तरकृया कार्यक्रमको आयोजना गरिएको थियो । जसमा निम्न विषयहरु समेटिएको थियोः–

| सि.न | कियाकलाप | भएको / राखिएको / गरिएको | नभएको / नराखिएको / नगरिएको | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालयमा नागरिक वडापत्र र यसको प्रयोग | | | |
| २ | गुनासो सुनुवाईको व्यवस्था / गुनासो पेटीका र गुनासो सुन्ने अधिकारी तोकिएको नतोकिएको | | | |
| ३ | निर्णय प्रकृयामा कर्मचारी सहभागीताको अवस्था | | | |
| ४ | विदा स्विकृती र कार्यालय समय पालना | | | |
| ५ | कार्यालयको जिन्सीको रेकर्ड र जिन्सी निरिक्षणको अवस्था | | | |
| ६ | सहायता / सोधपुछ कक्षको व्यवस्था | | | |
| ७ | कार्यलयमा कर्मचारी दरवन्दी र पूर्तीको अवस्था | | | |
| ८ | दरवन्दी रिक्त भएको जानकारी पठाउने गरिएको नगरिएको | | | |
| ९ | कार्यालयको सरसफाई र भौतिक अवस्था | | | |
| १० | कार्यालयमा हाजिर रेकर्ड दुरुस्त | | | |
| ११ | कर्मचारीको कार्यविवरण र अधिकार प्रत्यायोजनको व्यवस्था | | | |
| १२ | करार, ज्यालादारी कर्मचारी नियुक्ती | | | |
| १३ | कार्यालयको चाप अनुसार कर्मचारी र दरवन्दी | | | |
| १४ | अन्तर कार्यालय समन्वय र सहकार्यको अवस्था | | | |
| १५ | कार्यकमका लागि निकासा समयमा प्राप्त | | | |
| १६ | पर्याप्त वजेटको व्यवस्था | | | |
| १७ | कार्यालयको काममा सूचना प्रविधिको उपयोग | | | |

सामान्य प्रशासन मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| १८ | कार्यालयको कार्यवातावरण र यसमा सुधार गर्न आवश्यक भए नभएको भएको भए कुन पक्षमा सुधार आवश्यक छ । | | | |
| १९ | कार्यालयको कार्यसञ्चालनमा देखिएको समस्या | | | |
| २० | कर्मचारी सरुवा र यसको प्रभाव | | | |
| २१ | कर्मचारीहरुले अध्ययन तालिम वा वृति विकासको अवसर | | | |
| २२ | कर्मचारी प्रति सेवाग्राहीको धारण | | | |
| २३ | कार्यालय प्रमुख बेठक / स्टाफ बैठक | | | |
| २४ | सार्वजनिक खरिद ईकाईको व्यवस्था | | | |
| २५ | वोलपत्र, टेन्डर सम्वन्धी समस्या | | | |
| २६ | निर्णयहरु सरोकारवालालाई जानकारी गराउने व्यवस्था | | | |
| २७ | खर्चको विवरण सार्वजनिक | | | |
| २८ | निर्णय निमार्णमा सुशासन ऐनको पालना भए नभएको | | | |
| २९ | कार्यालय विन्यास | | | |
| ३० | अपाङ्ग मैत्री मार्गको व्यवस्था | | | |
| ३१ | पोशाक र परिचय पत्र | | | |

- कर्मचारीहरुले स्थानीय स्तरमा बसी सेवा प्रवाह गर्दा भोग्नु परेका कठिनाईहरु,
- कार्यालयहरुको कार्यवातावरण र अवस्था,
- निजामती कर्मचारी प्रशासन सम्बन्धी विविध विषयहरु,
- निजामती सेवा ऐन तथा नियमावलीको कार्यान्वयन र शासकीय सुधार सन्दर्भका विषयहरु ।

महोत्तरी जिल्लाको अन्तरकृया कार्यक्रम २०६८।६।८ गते जिल्ला विकास समितिको कार्यालय महोत्तरीको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री शंकर अर्यालको सभापतित्वमा सञ्चालन गरिएको थियो भने २०६८।६।८ गते नै धनुषा जिल्लामा प्रमुख जिल्ला अधिकारी श्री वीरेन्द्र कुमार यादवको सभापतित्वमा अधिकृत संगम धनुषाको सभाकक्षमा सञ्चालन गरिएको थियो ।त्यसैगरी २०६८।६।९ गते सर्लाही जिल्लामा प्र.जि.अ.श्री सुन्दरराज अर्यालको सभापतित्वमा जिल्ला प्रशासन कार्यालयको सभाकक्षमा पनि अर्को अन्तरकृया कार्यक्रम संचालन गरिएको थियो । सामान्य प्रशासन मन्त्रालयका उपसचिवको उपस्थितिमा सञ्चालन भएको उक्त तीनै अन्तरकृया कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत, महोत्तरी तथा धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख लगायत जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुखहरु ट्रेड यूनियनका प्रतिनिधिहरु र कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत श्री दिपक रेग्मीले कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्नु भएको थियो भने शाखा अधिकृत श्री मोहनराज जोशीले कार्यक्रम संचालन गर्नु भएको थियो । त्यसपछि उपस्थित सबै कर्मचारीहरुलाई

सामान्य प्रशासन मन्त्रालय

आफ्नो कार्यालय, समग्र निजामती कर्मचारी प्रशासनका विषयमा जिज्ञासा र गुनासाहरु पालैपालोसँग राख्ने अवसर प्रदान गरिएको थियो । कर्मचारीहरुले राखेका जिज्ञासा तथा गुनासाहरुको टिपोट मन्त्रालयका अन्य कर्मचारीहरुले गर्नुभएको थियो । कार्यक्रमका सहभागीहरुले निजामती कर्मचारी प्रशासन सम्बन्धमा आफ्ना धारणाहरु स्पष्टसँग राखेका थिए । कर्मचारीहरुले निम्न विषयहरुमा आफ्ना धारणाहरु राखेका थिए :–

- कर्मचारीको सरुवाको समय तालिकाले विकास प्रशासनमा प्रतिकुल प्रभाव परेको ।
- कर्मचारी आवासको व्यवस्था हुनु पर्ने

- निजामती कितावखानामा स्वास्थ्य मन्त्रालय अन्तरतगका केही सस्था दर्ता नै नभएकोले तलवी प्रतिवेदन पारित नगराइ तलव भुक्तानी गर्नु परेको विषय ,

- O & M survey गरी दरवन्दी थपघट गर्न नसकिएको ।
- निश्चित समय पछि सुगम स्थानमा सरुवा गर्नु पर्ने कानूनी प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएको ।
- कर्मचारी सरुवालाई नियमित र व्यवस्थीत वनाउनु पर्ने सरुवामा राजनीतिक हस्तक्षेप हुन नहुने ।
- सडक तथा जनस्वास्थका खरिद प्रक्रियमा थोरै कबोल गर्नेले काम गर्ने अवसर पाउने जसले गर्दा गुणस्तरहिन औषधि तथा सामग्रीबाट सेवा प्रदान गर्दा नागरिक स्वास्थमा प्रतिकुल पर्ने अवस्था रहेको ।
- राम्रा नराम्रा काम गर्ने कर्मचारीलाई जनताले मुल्याङ्कन गर्न सक्ने प्रणालीलाई अवलम्बन गर्न सकेमा राम्रो हुने ।
- परियोजना Buttom up approach बाट छनौट हनुपर्नेमा राजनैतिक पहुचका आधारमा छनौट हुने व्यवस्थाले स्थानीय आवश्यकता सम्बोधनमा कठिनाई रहेको ।
- विशेष बढुवा हुंदा कर्मचारीको पदनाम सम्बन्धि अन्यौल रहेको (खानेपानी) ।
- कृषि विकास कार्यालय धनुषा अन्तरगत सेवाकेन्द्रका भवन जिर्ण रहेको हुंदा मर्मत गर्नु पर्ने

- निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ अनुसार बढुवा भएका कर्मचारीहरुको समायोजन र व्यवस्थापनको विषय,

- जनसङ्ख्या वृद्धि भई सेवा ग्राहीको सङ्ख्यामा उल्लेख्य वृद्धि भएतापनि लामो समय सम्म कार्यालयको दरवन्दीमा पुनरावलोकन नभएकोले सेवा प्रवाहमा परेको चाप तथा नेपाल सरकारका विभिन्न सेवा, समूहमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका अवसरमा प्रभाव परेको ।

- स्थानीय स्तरका निकाय (जि.वि.स, गा.वि.स नगरपालिका) का कर्मचारीहरुको सरुवा गर्ने प्रावधान प्रभावकारी रुपमा लागु नहुंदा स्थानीय निकायमा काम गर्न कठिनाई भैरहेको ।

- राजपत्रअनंकित पदमा नियुक्ति भएको मितिले १० वर्षसम्म एउटै अञ्चलमा बस्नुपर्ने प्रावधान न्यायोचित नभएको विषय,

- रिक्त भएको दरवन्दी पूर्ति नहुनाले काममा वाधा परेको

सामान्य प्रशासन मन्त्रालय

- निजामती सेवा ऐन तथा नियमावलीमा व्यवस्था भएको कार्य सम्पादन मूल्याङ्कन वस्तुनिष्ठ हुन नसकेकोले औचित्यहिन वन्दै गएको ।
- गा.वि.सहरुमा कार्यबोझ अनुसार दरबन्दी र भौतिक सुविधाहरुको कमी भएको,
- पोशाक भत्तामा विभेद हुनु भएन ।
- कारागार को सबै जिम्मा प्रहरी लाई दिनु राम्रो ।
- तलवमा विभेद भयो ( अर्थ र अन्य )
- संवैधानिक सेवा गठन गरी संबैधानिक निकायमा कर्मचारीको छुठै व्यवस्था हुनुपर्ने ।
- सवारी साधनको समस्या ।
- दण्ड पुरस्कारको प्रभावकारी व्यवस्था हुनु पर्ने,कर्मचारीलाई राजनीतिबाट अलग गर्नुपर्ने।
- प्रत्येक कर्मचारीको स्पष्ट कार्य विवरण हुनुपर्ने ।
- जनताले मागेका सुचना तत्काल उपलब्ध गराउने व्यवस्था हनु पर्ने ।
- नीति र व्यवहारमा एकरुपता नभएको ।
- कर्मचारीको  आवश्यक सुरक्षा व्यवस्था सरकारले मिलाउनु पर्ने ।
- वृत्तिविकास अध्ययन तालीमको व्यवस्थालाई मोफसलका कार्यालय सम्म पुग्ने व्यवस्था गर्ने ।
- शाखा तथ्याङ्क कार्यालय धनुषाको छुट्टै भवन हुनुपर्ने , दरवन्दी अपुग ।
- सार्क मुलुकको जस्तो. तलव प्रणाली लागु गर्ने ।
- स्थानीय स्तरमा स्थानीय कर्मचारी बाटै पदपुर्ति हनुपर्ने. ।
- सहायकस्तरका कर्मचारीको पदपुर्ति समयमा नहुदा कार्य सम्पादनमा कठिनाई भएको।
- नापी, मालपोत, जिल्ला प्रशासन जस्ता अभिलेख राख्ने कार्यालयहरुको तत्काल सुदृढिकरण र अभिलेखको व्यवस्थापन गर्नु पर्ने ।
- सेवाग्राहीलाई सेवा लिने प्रकृयाको वारेमा जानकारी नभएकोले कार्यालयमा आउन तेस्रो पक्षको भर पर्ने गरेको । यसले गर्दा अनावस्यक खर्च र दुःख पाई रहेको ।
- कार्य सम्पादनमा आधारित तलव प्रणाली लागु गर्नु पर्ने ।

सामान्य प्रशासन मन्त्रालय

उल्लेखित विषयहरुका अलावा कर्मचारीहरुले निजामती सेवामा हुनुपर्ने सुधार लगायत विभिन्न विषयहरुमा सुझावहरु दिएका थिए भने आफ्ना व्यक्तिगत गुनासाहरु पनि राखेका थिए । कर्मचारीहरुले उठाएका समस्या, जिज्ञासा र गुनासाहरुलाई सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री विश्व प्रकाश अर्यालले सम्बोधन गर्नुभएको थियो । सम्बोधनका क्रममा वहाँले मन्त्रालयबाट समाधान गर्न सक्ने कुराहरुको हकमा तत्काल कारवाही सुरु गरिने र अन्य मन्त्रालयसँग सम्बन्धित समस्याहरु तत्तत् मन्त्रालयहरुमा जानकारी गराइने प्रतिवद्धता व्यक्त गर्दै नेपाल सरकार र सामान्य प्रशासन मन्त्रालयबाट शासकीय सुधार, कर्मचारी प्रशासनका क्षेत्रमा भएका सुधारका प्रयासहरु एवं समग्र सार्वजनिक कर्मचारी प्रशासनको क्षेत्रमा भईरहेका गतिविधिहरुका विषयमा प्रकाश पार्नु भएको थियो । कार्यक्रमको अन्त्यमा वहाले सवै कार्यालय प्रमुखहरुलाई धन्यवाद व्यक्त गर्नु भएको थियो ।

**सुझावहरु**

कार्यालयहरुमा कार्यस्थलको प्रत्यक्ष अवलोकन र अन्तरकृया कार्यक्रममा उठेका सवालहरुका आधारमा निम्न सुझावहरु प्रस्ताव गरिएको छ :–

- निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ अनुसार बढुवा भएका कर्मचारीहरुको समायोजन गर्नु पर्ने ।
- लामो समय सम्म कार्यालयको दरवन्दीमा पुनरावलोकन नभएकोले सेवा प्रवाह तथा नेपाल सरकारका विभिन्न सेवा, समूहमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका अवसरमा प्रभाव परेकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दीमा पुनरावलोकन गर्नु पर्ने । दरवन्दी पुनरावलोकन कार्य सम्पन्न नभए सम्मका लागी समान पद र श्रेणीका सोहि जिल्लामा कार्यतर कर्मचारीहरुलाई बढीमा ३ महिना सम्मको लागी सम्बन्धित प्र .जि.अ. ले काज खटाउन सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने व्यवस्था मिलाउने ।
- निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचन गर्नु पर्ने ।
- रिक्त दरवन्दी समयमा नै पूर्तिको लागी सम्पूर्ण कार्यालयमा परिपत्र गर्नु पर्ने । सहायकस्तरका कर्मचारीको पदपुर्ति समयमा नहुदा कार्य सम्पादनमा कठिनाई भएकाले मुख्य काम गर्ने र सहायक काम गर्ने पदको वर्गिकरण गरि पदपुर्तिको प्रकृया अघि वढाउने ।
- निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन वस्तुनिष्ठ वनाउन कार्य विवरण र कार्य मापनका सुचकाङ्क स्पष्ट रुपले तोक्ने र सो अनुसार कार्य सम्पादन मूल्याङ्कन गर्ने व्यवस्थालाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने ।
- गा.वि.स. हरुमा कार्यबोझ अनुसार दरबन्दी र भौतिक सुविधाहरुको कमी भएकोले त्यस विषयमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने ,
- नापी, मालपोत, जिल्ला प्रशासन जस्ता अभिलेख राख्ने कार्यालयहरुको तत्काल सुदृढिकरण र कम्प्युटरको माध्यमवाट अभिलेखको व्यवस्थापन गर्नु पर्ने ।

- सेवाग्राहीलाई सेवा लिने प्रकृयाको वारेमा जानकारी नभई सृजना भएका कठिनाईहरुको अन्त्यका लागि सबै कार्यालयमा सोधपुछ कक्ष अनिवार्य रुपले राख्ने व्यवस्था मिलाउने ।
- शासकीय सुधार सम्बन्धी नीति कार्यान्वयनको अवस्था र सो को प्रभावकारिता सम्बन्धमा नियमित रुपमा अनुगमन हुनु पर्ने ।
- दण्ड र पुरस्कार प्रणालीलाई व्यवस्थित गर्ने ।
- सबै कर्मचारीको कार्यविवरएण बनाई सो अनुसार काम गर्ने व्यवस्था सबै कार्यालय र पदको लागी अनिवार्य गर्ने तथा सो अनुसार भए नभएको अनुगमन समेत गर्नु पर्ने ।
- स्थानीयस्तरका कर्मचारीको सुरक्षाको प्रभावकारी प्रबन्ध मिलाउने व्यवस्था मिलाउनु पर्ने ।
- समय समयमा परिवर्तन भएका कानूनी प्रावधानहरु तथा सेवाग्राही मैत्री सेवा प्रदान गर्न विभिन्न अनुशिक्षण कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीयस्तरका कार्यालयमा सेवा प्रवाह गर्न कठिनाई नहुने गरी आवश्यका श्रोतसाधनको व्यवस्था गर्नु पर्ने ।
- कार्यालयहरुको आफनै भवन नहुदा सेवा प्रवाह गर्न कठिनाई भएकोले संभवभएसम्म कार्यालय भवन निर्माणको लागी पहल गर्नु पर्ने ।
- कार्यसम्पादनमा आधारित तलब प्रणालीलाई सम्पूर्ण सेवा समुहमा लागुगर्ने तर्फ पहल गर्नु पर्ने ।
- पोशाकभत्तामा रहेको विभेदलाई अन्त्य गर्नु पर्ने ।
- दरवन्दी पुर्ति गर्ने निजामति सेवा ऐन तथा नियमावलीको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन नगर्ने नगराउने कर्मचारीलाई निजामति सेवा ऐन तथा नियमावली अनुसार कारबाहि गर्नु पर्ने।
- स्थानीय निकायमा कार्यरत विकास समिति तर्फका कर्मचारीहरु एउटै कार्यालयमा लामो समय रहने र तिनिहरुको सरुवा समेत नहुने भएकाले कार्यालयको कार्यवातावरणमा समेत समस्या सृजना हुने गरेको भन्ने गुनासाहरु पाईएकाले विकास समिती तर्फका कर्मचारीको पनि सरुवा गर्ने व्यवस्थालाई अझ प्रभावकारी बनाउने साथै त्यस्ता कर्मचारीहरुको आचार संहिता बनाई लागु गर्ने ।
- खरिद गरिने सामग्रीहरुको छुट्टै सुची बनाई त्यसको प्रभाव अवधि तथा गुणस्तर सम्बन्धि सुची बनाई खरिद गर्ने प्रणालीलाई अवलम्बन गर्ने
- कर्मचारी सरुवामा देखिने समस्याहरुको अन्त्य गर्न पुर्वानुमानयोग्य सरुवा प्रणाली अवलम्बन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- कर्मचारी सरुवा तालिकालाई परिमार्जन गर्ने तर्फ पहल गर्नु पर्ने
- तलवी प्रतिवेदन पास नभै तलव खुवाउन नहुने. निजामति सेवा ऐनको प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

सामान्य प्रशासन मन्त्रालय